**भाग-२**

# स्थानीय राजपत्र

चौंरीदेउराली गाउँपालिकाद्वारा प्रकाशित

| खण्डः४ | संख्याः ४ | मितिः २०७७।१०।२० |
| --- | --- | --- |

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम चौंरीदेउराली गाउँपालिका गाउँसभाले **लैंगिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०७७** सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरेको छ ।

**प्रास्तावनाः** समाजमा बढदै गइरहेको लैङ्गिक हिंसा निवारणका लागि कोष स्थापना गर्न बान्छनीय देखिएकाले प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी चौरीदेउराली गाउँपालिकाले यो कोष सञ्चालन सम्वन्धी कार्यविधि बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम “लैङ्गिक हिंसा निवारण कोष (संचालन) कार्यविधि, २०७७ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “कार्यालय” भन्नाले चौरीदेउराली गाउँपालिकाको कार्यालय सम्झनु पर्छ ।

(ख) “कोष” भन्नाले नियम ३ बमोजिमको लैङ्गिक हिंसा निवारण कोष सम्झनु पर्छ ।

(ग) “पीडित” भन्नाले लैङ्गिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनु पर्छ ।

(घ) “राहत तथा उद्धार समिति” भन्नाले नियम ८ बमोजिमकोराहत तथा आर्थिक सहयोग समिति सम्झनु पर्छ ।

(ङ)“मन्त्रालय” भन्नाले महिला , बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय सम्झनु पर्छ ।

च) “लैङ्गिक हिंसा” भन्नाले कार्यस्थल सार्वजनिक स्थल, घरपरिवारमा हुने यौनजन्य दुर्व्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैङ्गिक आधारमा हुने हिंसा सम्झनु पर्छ।

**३. कोषको स्थापना :** (१) लैङ्गिक हिंसा निवारण कोष नामको एक कोष स्थापना गरिएको छ। (२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन्:-

(क) चौरीदेउराली गाउँपालिकाबाट प्राप्त रकम,

(ख) विदेशी व्यक्ति, अन्तराष्ट्रिय संघ संस्था वा सरकारबाट प्राप्त रकम,

(ग) स्वदेशी व्यक्ति वा संघ वा संस्थाबाट प्राप्त रकम,

(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) उपनियम (१) बमोजिमको रकम बैंकमा छुटै खाता खोली जम्मा गरिनेछ ।

**४. कोषमा रकम जम्मा गर्ने :** महिला तथा बालबालिकाको हक हितको संरक्षणका लागि गाउँपालिकाले बार्षिक रुपमा केही रकम कोषमा जम्मा गर्नु पर्नेछ ।

**५. कोषको उपयोग :** (१) कोषको रकम देहायको कामको लागि पीडितलाई उपलब्ध गराउन उपयोग गरिनेछ :-

(क) तत्काल उद्धार गर्न,

(ख) औषधि उपचार गर्न,

(ख१) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गराउन,

(ग) कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्ष प्रदान गर्न,

(घ) कुनै व्यवसाय वा स्वरोजगारको लागि व्यवसाय स्थापना खर्च अनुदानको रुपमा प्रदान गर्न,

(ङ) पुनर्स्थापना गराउन,

(ङ१) लैङ्गिक हिंसा र यौनजन्य दुर्व्यबहारको कसुरबाट पीडितले प्रचलित कानुन बमोजिम कसुरदारबाट प्राप्त गर्नुपर्ने क्षतिपुर्ति त्यस्तो कसुरदारको कुनै सम्पती नभएको कारणबाट प्राप्त गर्न नसक्ने देखिई अदालतको आदेश बमोजिमको रकम पीडितलाई क्षतिपूर्ति स्वरुप भराउन लेखि आएमा भराउनु पर्नेछ।

(च) पीडितको लागि राहत तथा उद्धार समितिले तोके बमोजिमको अन्य काममा,

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि राहत तथा उद्धार समितिले लैङ्गिक हिंसाबाट पीडित बालबालिका तथा किशोर किशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागु पदार्थको दुर्व्यसनमा फसेका वा मानसिक रोगी भई सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ।

**६. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने :** (१) कोषको रकम नियम ५ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि राहत तथा उद्धार समितिको सचिबालय बैठक सञ्चालन गर्न लाग्ने खर्चको लागि कोषको रकम उपयोग गर्न सकिनेछ।

**७. कार्यालयलाई रकम उपलब्ध गराउने :** पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनको लागि राहत तथा उद्धार समितिले कोषबाट कार्यालयको नाममा रकम निकाशा दिनेछ।

**८. राहत तथा उद्धार समिति गठन :** (१) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने काम समेतको लागि राहत तथा उद्धार समिति रहनेछ।

(२) राहत तथा उद्धार समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क) गाउँपालिका उपाध्यक्ष -संयोजक

(ख) प्रमुख प्रशासकिय अधिकृत -सदस्य

(ग) प्रमुख, इलाका प्रहरी कार्यालय -सदस्य

(घ) गाउँ सभा सदस्य (महिला १ जना) -सदस्य

(ङ) न्यायीक समितिको कानुनी सहजकर्ता -सदस्य

(च) लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत स्थानीय तहमा गैर सरकारी संस्थाहरु मध्येबाट राहत तथा उद्धार समितिले तोकेको संस्थाको प्रतिनिधि एक जना -सदस्य

(छ) महिला तथा बालबालिका शाखा प्रमुख -सदस्य -सचिव

(३) उपनियम (२) को खण्ड (घ) बमोजिमको सदस्यको पदावधि ३ बर्षको हुनेछ ।

(४) राहत तथा उद्धार समितिको सचिवालय कार्यालयमा रहनेछ ।

(५) राहत तथा उद्धार समितिको बैठक सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**९. राहत तथा उद्धार समितिको काम, कर्तब्य र अधिकार :**

राहत तथा उद्धार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने,

(ख) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए वा नभएको सम्वन्धमा अनुगमन गर्ने वा गराउन,

(ग) चौरीदेउराली गाउँपालिकामा लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न संघ, संस्था तथा निकायहरु बीच समन्वय गर्ने,

(घ) लैङ्गिक हिंसा हुन नदिनको लागि स्थानीयस्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

**१०. राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार :**(१) यस कार्यविधि बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा देहायको रकममा नबढ्ने गरी उपलब्ध गराईनेछ ।

(क) पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्चवापत प्रतिदिन तीन सय रुपैयाँ र बास बस्नुपर्ने भए सो वापत छुटै प्रतिदिन रु पाँच सय रुपैयाँको दरले बढिमा पाँच हजार रुपैयाँ रकम दिने,

(ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नु पर्ने भएमा अस्पताल आँउदा जाँदा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्चबापत प्रतिदिन तीन सय रुपैयाँ, अस्पतालमा बस्ने व्यवस्था नभई वाहिर बस्नु परेमा बढीमा पाँच दिनको बसोबास खर्च वापत प्रतिदिन पाँच सय रुपैयाँ र उपचार खर्च समेत गरी बढीमा छ हजार पाँच सय रुपैयाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च, पीडितसँग आश्रित बालबच्चा भए बालबालिकाको लागि पनि सोहि दरमा खाना खर्च उपलब्ध गराउने,

(ग) कानूनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि पाँच हजार रुपैयाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च,

(घ) कुनै स्वरोजगारको लागि व्यवसाय स्थापना गर्न नगद अनुदान रकम बढीमा तिस हजार रुपैयाँ,

(ङ) पुनर्स्थापनाको लागि बढीमा पाँच हजार रुपैयाँ,

(च) राहत तथा उद्धार समितिले तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृति हेरी बढीमा दश हजार रुपैयाँ,

(२) उपनियम (१) बमोजिमको रकम अपर्याप्त भएको मनासिव आधार र प्रमाण सहित कुनै पीडितले कार्यालयमा निवेदन दिएमा र सो व्यहोरा मनासिव देखिएमा राहत तथा उद्धार  समितिले त्यस्तो पीडितलाई मनासिव रकम थप गरी दिन सक्नेछ ।

**११. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्ने :** (१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई वडा कार्यालयको सिफारिस सहित वा न्यायिक समितिको सिफारिस मार्फत अनुसूची १ बमोजिमको ढाँचामा फर्म भरी महिला,बालबालिका तथा जेष्ठ नागरिक शाखामा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नु पर्ने देखिएमा राहत तथा उद्धार समितिले दफा १० को अधीनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ ।

**१२. तत्काल रकम उपलब्ध गराउन सक्ने :**(१)यस कार्यविधीमा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भएता पनि जलाइएको, एसिड प्रयोग गरी वा छर्किइ वा त्यस्तो पदार्थले पोलेको लगायतका गम्भिर प्रकृतिका घटनाका पीडितलाई उद्धार, औषधि उपचार, पुनस्थापना वा राहत लगायतका प्रयोजनका लागि तत्काल आर्थिक सहयोग प्रदान नगरेमा गम्भीर मानवीय क्षति हुने देखिएमा र राहत तथा उद्धार समितिको तत्काल बैठक बस्ने अवस्था नरहेमा राहत तथा उद्धार  समितिको संयोजकले आवश्यक्ता र औचित्यका आधारमा मनासिव रकम कोषबाट पीडितलाई उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा १ बमोजिमको अवस्थामा परी राहत तथा उद्धार समितिको संयोजकबाट पीडितलाई रकम उपलब्ध गराईएकोमा त्यसरी रकम उपलब्ध गराईए पछि वस्ने राहत तथा उद्धार समितिको बैठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ ।

**१३. थप रकम निकासा माग गर्न सक्ने :** (१) कोषमा रहेको रकम अपर्याप्त भएमा रकम अपर्याप्तताको कारण खुलाई राहत तथा उद्धार समितिले थप रकम माग गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम थप रकम माग भई आएमा चौरीदेउरालीगाउँपालिकाले आवश्यकता र औचित्यता हेरी कोषमा थप रकम निकासा दिन सक्नेछ ।

**१४. छुट्टै खाता खोल्नु पर्ने :** (१) गाउँपालिकाबाट प्राप्त भएको रकम कुनै बाणिज्य बैंकमा छुट्टै खाता खोली जम्मा गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको खाताको सञ्चालन प्रमुख प्रशासकिय अधिकृत र लेखामा काम गर्ने मुख्य कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

**१५. कोषको लेखा र लेखा परीक्षण :** (१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) कोषको लेखापरीक्षण महालेखा परिक्षकबाट हुनेछ ।

**१६. आवर्ति (रिभल्भीङ) कोष :** यो कोष आवर्ति (रिभल्भीङ) कोषको रुपमा रहनेछ ।

**१७. प्रतिवेदन पेश गर्ने:** (१) राहत तथा उद्धार समितिले प्रत्येक ४ महिनामा सो समितिबाट भए गरेका काम कारवाहीको प्रतिवेदन कार्यपालिका र महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयलाई बुझाउनु पर्नेछ ।

(२) चौरीदेउराली गाउँपालिकाले वार्षिक रुपमा प्रतिवेदन सार्वजनिक गर्नुपर्नेछ ।

**१८. बैठक भत्ताः** राहत तथा उद्धार समितिका संयोजक वा सदस्यले सो समितिको बैठकमा भाग लिए वापत गाउँपालिकाले तोके बमोजिमको रकम बैठक भत्ता वापत पाउनेछन्।

**१९. निर्देशन दिन सक्ने:** (१) कार्यपालिकाले राहत तथा उद्धार समितिको काम कारवाहीको सम्वन्धमा सो समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

अनुसुची १

(नियम १४ सँग सम्बन्धित )

विषय : सहयोग उपलब्ध गराई पाउँ ।

श्री संयोजक ज्यू

स्थानीय तत्काल राहत तथा उद्धार समिति

चौरीदेउराली गाउँपालिका, काभ्रेपलाञ्चोक ।

म चौरीदेउराली गाउँपालिका ..........वडा नं. मा बस्ने बर्ष .............को मिति.............. मा लैंगिक हिंसाबाट पीडित भएको छु । मेरो आर्थिक स्तर ज्यादै कमजोर रहेको छ । म उपर लैंगिक हिंसा ( ..........................................) भएको कारणले मेरो मानसिक/शारीरिक/सामाजिक अवस्था कमजोर भई अशक्त अवस्थामा रहेको हुनाले मलाई औषधि उपचार/ कानुनी सहायता एवं परामर्श/उद्धार/मनोविमर्श/स्वरोजगार/ पुनर्स्थापना/अन्य.................... कामको लागि सहयोगको आवश्यकता परेको हुँदा स्थानीय लैंगिक हिंसा निवारण कोषबाट नियमानुसार सहयोग रकम उपलब्ध गराई दिनु हुन यो निवेदन पेश गरेको छु ।

निवेदकको :-

नाम,थरः........................

ठेगाना :.........................

दस्तखत :.......................

मिति :...........................

आज्ञाले,

महान दास लामा

प्रमुख प्रशासकीय अधिकृत